# काठमाण्डौं महानगरपालिका
## प्रशासन सेवा, अधिकृत छैटौं तह, विभिन्न पदहरुको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## एवं परीक्षा प्रणाली (योजना)

**पाठ्यक्रमको रुपरेखा** :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ ।

**प्रथम चरण** :– ***प्रारम्भिक परीक्षा*** पूर्णाङ्क :– १००

**द्वितीय चरण** :– लिखित परीक्षा पूर्णाङ्क :– ३००

**तृतीय चरण** :– सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :– ७५

**१. प्रथम चरणः – प्रारम्भिक परीक्षा**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय | पत्र |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक परीक्षा | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ५० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (MCQ) | ५० प्रश्नX२ अङ्क | १ घण्टा | प्रथम |

**२. द्वितीय चरणः – लिखित परीक्षा योजना**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सार्वजनिक प्रशासन | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| द्वितीय | सेवा, पद सम्बन्धी विषय I | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| तृतीय | सेवा, पद सम्बन्धी विषय II | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| **जम्मा** | | **३००** | | | | |

**३. तृतीय चरणः - सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १५ | प्रयोगात्मक (Practical) | १५मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३०मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Interview) | ५० | मौखिक (Oral) | |
| **जम्मा** | **७५** | | |

## काठमाण्डौं महानगरपालिका
## प्रशासन सेवा, अधिकृत छैटौं तह, विभिन्न पदहरुको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम रुपरेखालाई प्रथम चरण (प्रारम्भिक परीक्षा) द्वितीय चरण (लिखित परीक्षा) र तृतीय चरण (सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता) गरी तीन चरणमा विभाजन गरिएको छ।

२. प्रथम चरणको प्रारम्भिक परीक्षा प्रशासन सेवाका छैटौं तहका खुला तर्फका सवै पदहरुका लागि अनिवार्य तथा पत्र/विषयको विषयवस्तु एउटै हुनेछ। प्रारम्भिक परीक्षा उत्तिर्ण हुने उम्मेदवार मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित हुन सक्नेछ। लिखित परीक्षा योजनामा दिईएको **प्रथम पत्र** माथि उल्लिखित प्रशासन सेवा अन्र्तगतका सबै पदहरुको लागि अनिवार्य तथा पत्र/विषयको विषयवस्तु एउटै (Common) हुनेछ तर **द्वितीय पत्र र तृतीय पत्र** विभिन्न पदहरु अनुसार फरक फरक हुनेछन् तथा पत्र/विषयको विषयवस्तु पनि विभिन्न पदहरु अनुसार फरक फरक हुनेछन्।

३. लिखित परीक्षामा प्रश्न पत्रहरुको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. प्रारम्भिक परीक्षामा उत्तीर्ण उम्मेदवार मात्र द्धितीय चरणको लिखित परीक्षामा समावेश हुन पाउनेछ।

५. प्रारम्भिक परीक्षा र लिखित परीक्षाको अंक जोडी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

६. वस्तुगत बहुवैकल्पिक **(Multiple Choice)** प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

७. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर **(Calculator)** प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (**Two or more parts of a single question**) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (**Short notes**) सोध्न सकिने छ।

९. परीक्षामा सोधिने **प्रश्नसंख्या, अङ्क र अङ्कभार** यथासम्भव सम्बन्धित पत्र/विषयको पाठ्यक्रममा दिईए अनुसार हुनेछ।

१०. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परिक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाईका प्रश्नहरुको उत्तर सोही भाग/खण्ड/एकाईको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

११. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ।

१२. प्रारम्भिक परीक्षा अंक १०० र दोस्रो चरणको लिखित परीक्षाको अंक ३०० गरी कुल पुर्णाङ्क ४०० गणना गरी तृतीय चरणको परीक्षाका लागि सफल उम्मेदवारको नतिजा प्रकाशन गरीनेछ।

१३. सीप परीक्षण परीक्षा तोकिएको दिनमा मात्र हुनेछ र सीप परीक्षण परीक्षामा सम्मिलित नहुने उम्मेदवार अन्तरर्वार्तामा सम्मिलित हुन पाउने छैन।

१४. प्रथम चरण तथा द्वितीय चरण (प्रारम्भिक परीक्षा तथा लिखित परीक्षा) र तृतीय चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) को कुल अङ्क योगका आधारमा परीक्षाफल प्रकाशित गरिनेछ।

१५. यस भन्दा अगाडि लागू भएको माथि उल्लिखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ।

१६. पाठ्यक्रम लागु मितिः

# काठमाण्डौं महानगरपालिका
# प्रशासन सेवा, अधिकृत छैटौं तह, विभिन्न पदहरुको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## प्रारम्भिक परीक्षा :- सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

## खण्ड (A) सामान्य ज्ञान – ७०अङ्क

**१. भूगोल र जनसंख्या** **(७x२ =१४ अङ्क)**

१.१ ब्रह्माण्ड र पृथ्वी सम्बन्धी जानकारी

१.१.१ सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रह, शिशुग्रह, उल्का, धूमकेतु/पुच्छ्रे ताराहरु, ग्रहण (सूर्य र चन्द्र), आदि

१.१.२ पृथ्वीः परिचय, उत्पत्ति, गति र बनौट

१.२ विश्वको भूगोल

१.२.१ महासागर, महादेश, भौगोलिक क्षेत्र र यिनीहरुको विशेषता

१.२.२ ध्रुव, अवस्थिति, अक्षांश, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय (स्थानीय र प्रामाणिक) र दुरी

१.२.३ महादेशीय स्थानान्तर, ग्रहीय वायु प्रणाली, जलवायु, व्यापारिक वायू र मनसुन

१.२.४ पर्वतश्रृंखला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, हिमताल, आदि

१.३ नेपालको भूगोल/भौतिक एवं प्राकृतिक पक्ष

१.३.१ भौगोलिक अवस्था/धरातलीय स्वरुपको किसिम र विशेषताहरु

१.३.२ प्राकृतिक स्रोतहरुः किसिम, उपलब्धि र वर्तमान अवस्था

१.३.३ भौगोलिक विविधता र जनजीवन

१.३.४ हावापानीको किसिम र विशेषता, हावापानीको विविधताबाट उत्पन्न भएका आर्थिक तथा सामाजिक क्रियाकलाप र जिविकोपार्जनमा विविधता

१.४ नेपालको जनसंख्या

१.४.१ जनसंख्या वितरण र बृद्धिदर

१.४.२ जनसंख्याको गतिशील पक्षहरु- जन्म, मृत्यु र बसाईं सराई

१.४.३ जनसंख्याको स्थिर पक्षहरु- उमेर, लिङ्ग र लिङ्गको अनुपात

१.४.४ शहरीकरण र बसाई सराईको वर्तमान अवस्था र यसको प्रभावहरु

**२. इतिहास, संस्कृति र सामाजिक व्यवस्था** **(७x२=१४ अङ्क)**

२.१ विश्वको इतिहासको सामान्य जानकारी

२.१.१ मध्यकाल, पुनर्जागरण र आधुनिककाल

२.२ विश्वका प्रमुख ऐतिहासिक घटनाहरु

२.२.१ म्याग्नाकार्टा, औधोगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, अमेरिकी स्वतन्त्रता सङ्ग्राम, रुसी/ अक्टोवर क्रान्ति, प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्ध र भारतीय स्वतन्त्रता सङ्ग्राम

२.३ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

२.३.१ प्राचीनकाल (किराँत र लिच्छवि) र मध्यकाल; सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था

२.३.२ आधुनिक इतिहास; राजनीतिक घटनाक्रम, कारण र परिणामहरु

२.४ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था

२.४.१ नेपाली समाज र यसको बनौट

२.४.२ प्रथा, परम्परा, मूल्य र मान्यता, प्रचलित प्रमुख धर्म, संस्कृति, जातजाति, भाषा र साहित्य, आदि

२.४.३ सांस्कृतिक सम्पदाको किसिम, स्थिति, विशेषता, महत्व र संरक्षणका प्रयासहरु

२.४.४ कला (वास्तु, चित्र, मूर्ति, काष्ठ) संगीत (नृत्य र संगीत) को परम्परा र वर्तमान अवस्था

KMC

**३. नेपालको आर्थिक पक्ष** **(७X२ =१४ अङ्क)**

३.१ नेपाली अर्थतन्त्रको संरचना

३.१.१ कृषि र गैर कृषि क्षेत्र

३.१.२ विकासका पूर्वाधारहरु (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत, आदि) र विकास योजना ।

३.२ आर्थिक विकासका कर्ता /सम्वाहकहरु

३.२.१ सार्वजनिक क्षेत्र (सरकारी क्षेत्र र सार्वजनिक संस्थानहरु)

३.२.२ निजी क्षेत्र

३.२.३ सहकारी क्षेत्र /सामुदायिक संगठन

३.३ योजनावद्ध विकासक्रम र चालु आवधिक योजनाको जानकारी

३.४ नेपालका केन्द्रीय बैङ्क, बाणिज्य बैङ्क र वित्तीय संस्थाहरु

**४. वातावरण, विज्ञान र प्रविधि** **(७X२ =१४ अङ्क)**

४.१ दिगो विकास, वातावरण, भूमण्डलीय ताप, विश्वव्यापी उष्णता, मौसम परिवर्तन, हरितगृह प्रभाव, ओजोन विनास, प्रदुषण, आदि

४.२ जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरु

४.३ नेपालमा जैविक विविधता संरक्षणका प्रयासहरु

४.४ विज्ञान प्रविधि र स्वास्थ्यः

४.४.१ विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रत्यक्ष प्रभाव

४.४.३ क्रमविकाश र वंशाणु, स्वास्थ्य, रोग, खोप, खाद्य, पोषण, सरसफाई, दैनिक जीवनमा प्रयोग हुने वस्तुहरु साबुन, प्लाष्टिक, रेसा, काँच, मल र किटनाशक औषधी, आदि

४.४.४ जैविक प्रविधि, उपयुक्त प्रविधि तथा वैकल्पिक उर्जा र सुचना तथा सञ्चार प्रविधि

**५. समसामयिक विषय तथा विविध** **(७X२ =१४ अङ्क)**

५.१ नेपालको संक्षिप्त संवैधानिक विकासक्रम

५.२ नेपालको वर्तमान संविधान

५.३ नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरु

५.३.१ परराष्ट्र नीतिको अवधारणा

५.३.२ परराष्ट्र नीतिको निर्धारक तत्वहरु

५.४ अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था

५.४.१ नेपालका छिमेकी देशहरु, तथा बेलायत, अमेरिका, जापान, आदिसँगको सम्बन्ध

५.४.२ संयुक्त राष्ट्रसंघः अङ्ग, विशिष्टीकृत संस्था र गतिविधिहरु

५.४.३ क्षेत्रीय संगठनः सार्क, बिमस्टेक, आसियान, युरोपियन संघ

५.४.४ संयुक्त राष्ट्र संघ र क्षेत्रीय संगठनहरुमा नेपालको भूमिका

kmc

५.५ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत, आदि लगायत समसामयिक घटना तथा नविनतम गतिविधिहरु

५.६ महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी

५.७ नेपालको सार्वजनिक प्रशासन(केन्द्र र स्थानीय)

५.७.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,आवास तथा शहरी विकास मन्त्रालय,गृह मन्त्रालय र अर्थ मन्त्रालयको काम कर्तव्य र अधिकार

५.७.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६

५.७.३ केन्द्र सरकार र स्थानीय निकायहरु बीचको अन्तर सम्बन्ध( विशेष गरी महानगरपालिका संग)

**खण्ड (B)**
**सामान्य बौद्धिक परिक्षण (१५X २ = ३० अङ्क)**

**६. शाव्दिक तार्किक परीक्षण:** (५X २ = १० अङ्क)

६.१ बोध, शब्दज्ञान, अनुक्रम, समरुपता र वर्गीकरण

६.२ कोडिङ- डिकोडिङ, छोडिएका अक्षर/संकेत मिलाउने

६.३ दिशा र दूरी ज्ञान परीक्षण, श्रेणीक्रम (पंक्तिक्रम)

६.४ भनाइ र कारण, आगमन, निगमन,

६.५ कार्य/अवस्थाको सिलसिला, तार्किक विश्लेषण, समस्या समाधान, आदि

**७. मात्रात्मक तार्किक परीक्षण:** (५X २ = १० अङ्क)

७.१ अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण

७.२ कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स

७.३ तथ्यांक व्याख्या (चार्ट, ग्राफ, तालिका, तथ्यांक पर्याप्तता), तथ्यांक जाँच (रुजु)

७.४ अंकगणितीय तर्क /क्रिया सम्बन्धी

७.५ प्रतिशत, भिन्न, दशमलव, अनुपात, समानुपात, औसत, नाफा, नोक्सान, मिति/पात्रो, समय र काम, आदि

**८. अशाब्दिक तार्किक परीक्षण:** (५X २ = १० अङ्क)

८.१ अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण

८.२ तार्किक चित्रात्मक विश्लेषण

८.३ भेन चित्र, मेट्रिक्स चित्र, विन्दु स्थान/स्थिति

८.४ त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण

८.५ पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तर्निहित आकृति, चित्रको स्थानान्तरण, आदि

**समाप्त**

kmc

kmc

kmc